सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
फैसला

०७६-CR-१२२६

मुद्दाः-जबरजस्ती करणी।

धादिङ जिल्ला धुनिबेसी नगरपालिका वडा नं. ९ टायलघर घर भई हाल कारागार कार्यालय नख्खुमा थुनामा रहेको राजु परियार.........................................१ पुनरावेदक प्रतिवादी

विरुद्ध

परिवर्तित नाम ०७४/०७५ स्वयम्भु (ढ) को जाहेरीले नेपाल सरकार...........१ प्रत्यर्थी वादी

शुरु तहमा फैसला गर्नेः- काठमाडौं जिल्ला अदालत
माननीय न्यायाधीश श्री बाबुकाजी बानिया
फैसला मितिः २०७५।९।२९

पुनरावेदन तहमा फैसला गर्नेः- उच्च अदालत पाटन
माननीय न्यायाधीश श्री अनन्त राज डुम्रे
माननीय न्यायाधीश श्री खुशी प्रसाद थारु
फैसला मितिः २०७६।४।२८

उपस्थित कानुन व्यवसायीः

पुनरावेदक प्रतिवादीका तर्फबाटः विद्वान अधिवक्ता श्री मुकुन्दराज पाण्डे

मुद्दाको संक्षिप्त तथ्य

१. मिति २०७५।१।२९ का दिन काठमाडौं स्थित स्वयम्भु गुम्बा माथिको जंगलमा प्रतिवादीहरु

राजु परियारसमेत ४ जनाले आफुलाई पालै पालो जबरजस्ती करणी गरेको भनी पीडित ०७४/०७५ स्वयम्भु (ढ) को किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भई प्रतिवादीहरु बन बहादुर सुनुवार, उर्गेन तमाङ, राजु परियार र सुरेन्द्र नगरकोटीले जाहेरवालालाई पालै पालो जबरजस्ती करणी गरेको देखिएकाले निज प्रतिवादीहरुले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा परिभाषित ३(४) नं. बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई सोही महलको ३(४) नं. बमोजिम सजाय गरी प्रतिवादीहरुले सामुहिक जबरजस्ती करणी गरको हुँदा निज प्रतिवादीहरुलाई सोही महलको ३क बमोजिम थप सजाय गरी पीडितलाई सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र दायर भएको देखिन्छ। उक्त मुद्दामा शुरु काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा यी चार जना प्रतिवादीहरुले वादी दाबी अनुसारको कसुर गरेको देखिँदा निजहरुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) बमोजिम जनही ५ वर्ष कैद र यी प्रतिवादीहरुले एउटी महिलालाई एकै समयमा पालै पालो जबरजस्ती करणी गरेकोसमेत पुष्टि भएकोले वादी दावी बमोजिम ऐ. महलको ३क. बमोजिम जनही ५ वर्ष थप कैद सजाय हुने र पीडितले प्रतिवादीहरुबाट रु.२५,०००।- का दरले क्षतिपूर्तिसमेत पाउने ठहर्छ भनी मिति २०७५।९।२९ मा फैसला भएको देखिन्छ। सो फैसला उपर प्रतिवादी राजु परियार र सुरेन्द्र नगरकोटीले उच्च अदालत पाटनमा पुनरावेदन गरेकोमा उच्च अदालत पाटनबाट प्रतिवादीहरुले पीडित ०७४/०७५ स्वयम्भु (ढ) लाई सामुहिक रुपमा जबरजस्ती करणी गरेको पुष्टि भएकाले अभियोग दाबी बमोजिम कसुर ठहर गरी सजाय गरेको शुरु जिल्ला अदालतको फैसला सदर गरी मिति २०७६।४।२८ मा फैसला भएको देखिन्छ। सो फैसलामा चित्त नबुझाई प्रतिवादी राजु परियारले यस अदालतमा पुनरावेदन दायर गरी प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा पेश हुन आएको देखियो।

## यस अदालतको ठहर

२. न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम दायर भएको प्रस्तुत मुद्दामा देहायको आधार, कारण र कानुनी व्यवस्थाका आधारमा उच्च अदालत पाटनबाट मिति २०७६।४।२८ मा भएको फैसला मिलेको देखिँदा परिवर्तन गर्नुपर्ने देखिएनः

क. पीडित ०७४/०७५ स्वयम्भु (ढ) ले मिति २०७५।१।२९ का दिन प्रतिवादीहरु

बन बहादुर सुनुवारसमेत चार जनाले आफुलाई पालै पालो जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दरखास्त दिएको,

ख. मिति २०७५।१।२९ का दिन दिउँसोको समयमा निज जाहेरवाला जंगलको गोरेटो बाटो एक्लै झर्दै गरेको देखी बन बहादुर, राजु परियार, उर्गेन तामाङ र सुरेन्द्र नगरकोटीले सहमतिमा पीडित ०७४/०७५ स्वयम्भु (ढ) लाई करणी गरेको हो भनी कसुरको तथ्यमा सावित रही परस्परमा पोल गरी प्रतिवादीहरुले मौकामा एकै मिलानको अलग-अलग बयान गरेको,

ग. मिति २०७५।१।३० मा भएको पीडितको शारीरिक परिक्षण प्रतिवेदनमा पीडितको old hymen tear भनी उल्लेख भई निजको शारीरिक तथा मानसिक अवस्था सामान्य रही निजको पेण्टीको Forensic Test Report मा मानव विर्य फेला परेको,

घ. प्रतिवादीमध्येका राजु परियार र सुरेन्द्र नगरकोटीले आफुलाई सहप्रतिवादीहरुले पोल गरेकोले पक्राउ गरिएको मात्र हो, जाहेरवालासंग वारदातको दिन भेट भएको छैन भनी मौकामा गरेको बयानलाई पूर्ण रुपले इन्कार गरी शुरु अदालत समक्ष बयान गरेतापनि उक्त जिकिर पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण पेश गर्न नसकेको,

ङ. प्रतिवादीमध्येका बन बहादुर सुनुवार र उर्गेन तामाङले शुरु जिल्ला अदालत समक्ष बयान गर्दा जाहेरवाला ०७४/०७५ स्वयम्भु (ढ) लाई आफुले सहमतिमा करणी गरेको भनी तथ्यमा सावित रही अन्य प्रतिवादीहरु राजु परियार र सुरेन्द्र नगरकोटीले समेत करणी गरेको हो भनी पोल गरेको,

च. पीडित जाहेरवाला ०७४/०७५ स्वयम्भु (ढ) ले यी प्रतिवादीहरु चार जनाले निजलाई जबरजस्ती करणी गरेका हुन। प्रतिवादीहरु राजु परियार र सुरेन्द्र नगरकोटीले जबरजस्ती करणी गरेको छैन भनी अदालत समक्ष गरेको बयान झुठ्ठा हो भनी जाहेरी दरखास्तलाई समर्थन गर्दै अदालत समक्ष उपस्थित भई गरेको बकपत्र समेतबाट प्रतिवादीहरुको अनुसन्धान अधिकारी समक्षको बयान र प्रतिवादीमध्येका बन बहादुर सुनुवार र उर्गेन तामाङले शुरु जिल्ला अदालत समक्षको बयानलाई पुष्टि गरिरहेको,

छ. प्रतिवादीमध्ये राजु परियार र सुरेन्द्र नगरकोटीले शुरु जिल्ला अदालतको फैसलामा चित्त नबुझाई पुनरावेदन गरेतापनि अन्य प्रतिवादीहरु बन बहादुर सुनुवार र उर्गेन

तामाङले शुरु जिल्ला अदालतबाट भएको फैसला उपर पुनरावेदन नगरी चित्त बुझाई बसेको,

३. यी प्रतिवादीहरु बन बहादुर सुनुवार र उर्गेन तामाङले करणी गरेको तथ्यमा सावित रही अन्य सह-प्रतिवादीहरु राजु परियार र सुरेन्द्र नगरकोटीले समेत पीडितलाई करणी गरेको भनी गरेको पोल बयान अर्थात प्रमाण ऐन, २०३१ को दफा ९क मा उल्लिखित "सहअभियुक्तको पोल" (Co-confession) को व्यहोरालाई प्रमाणमा लिन मिल्छ वा मिल्दैन भन्ने सन्दर्भमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। सहअभियुक्तको पोलको विषयमा विगतमा प्रमाणमा ग्रहण गर्न मिल्ने वा नमिल्ने भन्ने प्रमाण कानुनमा कुनै कुरा उल्लेख थिएन। सो अवस्थामा यस अदालतबाट विभिन्न समयमा विभिन्न मुद्दाको प्रकृति, परिस्थिति र परिवेश तथा प्रमाणहरुको अवस्थासमेतका कुराहरु हेरी यस विषयमा यस अदालतबाट व्याख्या भएको देखिन्छ। यस अदालतबाट भएका व्याख्याहरुको अध्ययन गर्दा केही पक्षमा अदालतको सधैं एउटै किसिमको सोच र दृष्टिकोण रहेको पाइदैन। तर केही प्रवृत्तिहरु (trends) भने प्रष्ट र निरन्तर रुपमा दृष्टिगोचर गर्न सकिन्छ। उदाहरणको लागि, सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गराउन सक्नु ज्यादै राम्रो कुरा हो तर त्यो छैन भन्दैमा सहअभियुक्तको पोललाई विचार नै नगर्ने भन्ने होइन[१]; अभियोग लागेका सहअभियुक्तहरु स्वयम आफुले गरेको कसुरसमेतलाई स्वीकार गरी पोल गरेको स्थितिमा निजहरुको पोललाई आधार लिन मिल्ने[२]; आरोपित कसुर गरेको तथ्यमा सावित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र उक्त बयान व्यहोरा अन्य प्रमाणहरुबाट समर्थित भएको अवस्थामा साबिती बयानलाई प्रमाणमा लिन मिल्ने[३]; वारदातसँग सार्थक सम्बन्ध रहेको सहअभियुक्तको पोल प्रतिवादी विरुद्धको प्रत्यक्ष प्रमाणको रुपमा रहेको हुँदा प्रस्तुत मुद्दामा सहअभियुक्तको पोललाई प्रमाणमा लिन मिल्ने देखिने[४]; अनुसन्धान अधिकारी समक्ष र अदालतमा भएको बयानमा कसुरमा आफ्नो संलग्नता रहेको भनी सावित रही अन्य प्रतिवादीहरुलाई पनि पोल गरेको अवस्था छ र त्यसलाई अन्य भौतिक एवम स्वतन्त्र प्रमाणबाट समेत समर्थित भइरहेको अवस्था

[१] चेतबहादुर रावत विरुद्ध श्री ५ को सरकार (ने.का.प.२०४४ अंक ४ नि.नं.३०६०)
[२] श्री ५ को सरकार विरुद्ध राजु लामा (ने.का.प.२०४८ अंक २,३,४ नि.नं.४२६९)
[३] नेपाल सरकार विरुद्ध ओमबहादुर रानासमेत (ने.का.प.२०६९ अंक ११ नि.नं.८९११)
[४] जोखबहादुर वि.क. विरुद्ध नेपाल सरकार (ने.का.प.२०७२ अंक २ नि.नं.९३५२)

छ भने त्यस्तो पोललाई प्रमाणमा लिन हुन्छ[५] भनी व्याख्या गरेको पाइन्छ। त्यसैगरी *रामशरण महतसमेत विरुद्ध नेपाल सरकार*[६] को कर्तव्य ज्यान मुद्दामा सहअभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा उल्लिखित अवस्था र परिस्थितिको मुल्याङ्कन गरी विचार गर्नु उपयुक्त एवम वान्छनीय देखिन्छ जस्तैः (१) एकैसाथ सहअभियुक्तहरुलाई मुद्दा पुर्पक्ष गरिएको अवस्था हुनुपर्ने, (२) कसुरमा सावित भई सोही कसुरमा पोल गरेको हुनुपर्ने, (३) सहअभियुक्तको पोललाई आधारभुत एवम सारभुत प्रमाणको रुपमा लिन नमिल्ने, मुद्दाको जग अर्थात यसैका आडमा कसुर प्रमाणित भएको मान्न नमिल्ने र (४) सहअभियुक्तको पोललाई समर्थनको रुपमा मात्र लिनुपर्ने, भनी सहअभियुक्तको पोलको सम्बन्धमा तत्कालीन किटानी कानुनी व्यवस्थाको अभावमा पहिलो पटक सहअभियुक्तको पोललाई प्रमाणमा लिन सक्ने आधारहरु उल्लेख गरी उल्लिखित *रामशरण महत*को मुद्दामा मिति २०६३।७।१५ मा व्याख्या भएको पाइन्छ। उक्त व्याख्या पश्चात प्रमाण ऐन, २०३१ मा मिति २०७७।२।२० मा गरिएको संशोधनबाट दफा ९क मा सहअभियुक्तको पोल भनी *"दुई वा दुईभन्दा बढी व्यक्तिले कसुर गरेकोमा त्यस्ता व्यक्तिहरुमध्ये कुनै व्यक्तिले अदालतमा आफु सावित भई अन्य अभियुक्तलाई पोल गरेकोमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टि भएमा प्रमाणमा लिन हुन्छ"* भन्ने कानुनी व्यवस्था र दफा ३८[७] मा *"सहअभियुक्त पनि साक्षी हुन सक्ने"* तथा दफा ४८[८] मा *"त्यस्तो साक्षीलाई उपस्थित गराई बकपत्र गराउनुपर्ने"* भन्ने व्यवस्था गरी बिगतमा रहेका कतिपय कानुनी व्यवस्थाका अभाव र द्विविधाको सम्बोधन भएको अवस्था छ।

४. प्रमाण ऐन, २०३१ मा भएको उक्त २०७७ सालको संशोधन पश्चात यस अदालतबाट प्रतिपादित सिद्धान्तहरु जस्तै, *पुष्कर गौतमसमेत विरुद्ध नेपाल सरकार*[९] को कर्तव्य ज्यान मुद्दामा अन्य स्वतन्त्र प्रमाणहरुबाट सहअभियुक्तको पोल समर्थित भएमा सहअभियुक्तको पोलको आधारमा समेत वारदात वा कसुरको सम्बन्धमा निक्यौंल गर्न सकिने भनी व्याख्या भएको

[५] नेपाल सरकार विरुद्ध खेम खड्का (ने.का.प.२०७६ अंक १ नि.नं.१०१८४)

[६] ने.का.प.२०३३ अंक ८ नि.नं.७७४९

[७] प्रमाण ऐन, २०३१ को दफा ३८ "कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा अफुलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तायुक्ति जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति बाहेक मतियार वा सहअभियुक्त लगातय जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ।"

[८] प्रमाण ऐन, २०३१ को दफा ४८ "प्रचलित नेपाल कानुनका अधीनमा रही अदालतले निर्धारित गरेको क्रम अनुसार साक्षी उपस्थित गराई वकपत्र गराउनुपर्नेछ।"

[९] पुष्कर गौतम विरुद्ध नेपाल सरकार (ने.का.प.२०८० अंक ६ नि.नं.११९०३)

पाइन्छ भने *नरेन्द्रनाथ योगी विरुद्ध नेपाल सरकार*[१०] को कर्तव्य ज्यान मुद्दामा "अन्य आधारभुत स्वतन्त्र प्रमाणहरुबाट कसुर कायम हुनसक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ" भनी सहअभियुक्तको पोललाई प्रमाणमा लिन सक्ने आधारहरुको व्याख्या भएको देखिन्छ। उल्लिखित कानुनी व्यवस्थाका आधार र प्रतिपादित सिद्धान्तहरुलाई विश्लेषण गरी सहअभियुक्तको पोल प्रमाण ग्रहण गर्ने वा नगर्ने निष्कर्षमा पुग्नुपर्ने देखिन्छ।

५. प्रमाण ऐनमा भएको माथि उल्लिखित संशोधन पछि हाल प्रचलित कानुन अनुसार सहअभियुक्तको पोललाई प्रमाणमा ग्रहण गर्नका लागि सहअभियुक्त आफु कसुरमा सावित हुनुपर्ने, अदालतमा भएको बयानमा पोल गरिएको हुनुपर्ने र त्यस्तो पोल अन्य प्रमाणबाट समर्थित हुनुपर्ने शर्तहरु पूरा हुनु आवश्यक हुन्छ। अन्य सहअभियुक्तको पोललाई प्रमाणमा लिने नलिने भन्ने कुराको निष्कर्षमा पुग्न विधायिकाले निर्दिष्ट र मार्गदर्शन गरेको यिनै पूर्वशर्तलाई सुक्ष्मतम रुपमा नियालेर हेरी सोही आधारमा निष्कर्षमा पुग्नुपर्ने कुरामा अब द्विविधा हुनुपर्ने देखिँदैन। त्यसैगरी सहअभियुक्तको पोलको सन्दर्भमा, प्रमाण ऐन, २०३१ को दफा ९क को व्यवस्थानुसार सहअभियुक्त अदालतमा आफु सावित भई गरेको पोललाई अन्य प्रमाणले पुष्टि गरेको हुनुपर्ने, ऐ. ऐनको दफा ३८ अनुसार त्यसरी पोल गर्ने अभियुक्त साक्षी सरह हुने र ऐ. ऐनको दफा ४८ बमोजिम निजको बकपत्र गराउनुपर्ने र सहअभियुक्तलाई जिरह गर्न सकिने भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०३ ले गरेको कानुनी व्यवस्था तथा प्रमाण ऐन, २०३१ को दफा ५०(५क) बमोजिम सहअभियुक्तले पोल गरेमा सो पोल गरेको हदसम्म सहअभियुक्तलाई जिरह गर्न अवसर दिने भन्ने व्यवस्था र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५ मा कुनै सहअभियुक्तले अर्को अभियुक्त उपर पोल बयान गरेमा निजको बयान हुनुअघि उक्त बयान व्यहोरा सुनाई मात्र बयान लिनुपर्ने भन्ने व्यवस्थाको सम्बन्धमा समेत विचार गर्नुपर्ने देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहितामा प्रमाण परीक्षण गर्दा कुनै अभियुक्तले कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्ने व्यवस्था प्रचलनमा आइसकेको छ।[११] यसरी नै प्रमाण ऐन, २०३१ मा मिति

[१०] नरेन्द्रनाथ योगी विरुद्ध नेपाल सरकार (ने.का.प.२०८० अंक १० नि.नं.११९९०)

[११] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०३

२०७७।२।२० मा भएको दोश्रो संशोधनमा मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थालाई अनुशरण गर्दै कुनै अभियुक्तले बयान गर्ने क्रममा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गर्ने अवसर दिन सकिने व्यवस्था गरिएको छ।[१२] यसरी पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनुभन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनुपर्नेसमेत व्यवस्था गरिएको छ।[१३] कुनै प्रतिवादीले आफुले आरोपित कसुर स्वीकार गरी अन्य प्रतिवादीलाई समेत पोल गरेको समर्थित तथ्यलाई सहप्रतिवादीले जिरहको मौका दिएको खण्डमा स्वच्छ सुनुवाईको प्रत्याभुत हुने र प्रमाण ग्राह्यताको दृष्टिबाट समेत न्याय निरुपणमा विश्वासनीयता अभिवृद्धि हुन जाने देखिन्छ। यसर्थ, **कानुनमा रहेको सहअभियुक्तको जिरह गर्ने कार्यविधिगत व्यवस्थालाई शुरु तहका अदालतबाट सहअभियुक्तको पोल भएको अवस्थामा पोलिने अभियुक्तबाट जिरह गर्ने अवसर प्रदान गर्ने प्रचलित कानुनको व्यवस्थालाई सोही कानुनबमोजिम र सो कानुनको अधिनमा रही कार्यान्वयन गर्न आवश्यक देखिएको छ।** यसो हुन सकेमा सहअभियुक्तको पोलको प्रमाणिक महत्व बढ्ने, सत्यताको परीक्षण हुने, विश्वासनीयता कायम हुने र स्वच्छ सुनुवाईको अवस्थामा थप उन्नयन हुने देखिन्छ।

६. सहअभियुक्त मुद्दामा एक प्रकारको प्रमाणको रुपमा रहने भएपनि यसले अर्को व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसलाई प्रमाण ग्रहण गर्दा वा नगर्दा सदैव गम्भीर र संवेदनशील हुनुपर्ने हुन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ९क र दफा ३८ लाई हेर्दा, यी चार जना प्रतिवादीहरुमध्ये बन बहादुर सुनुवार र उर्गेन तामाङले शुरु अदालतमा बयान गर्दा निजहरु तथा अन्य प्रतिवादीहरु राजु परियार र सुरेन्द्र नगरकोटीसमेतले सहमति गरी पीडित ०७४/०७५ स्वयम्भु (ढ) लाई करणी गरेको भन्ने तथ्यमा सावित रही निज प्रतिवादीहरुलाई पोल गरी बयान गरेको अवस्था देखिन्छ। यसै सन्दर्भमा भारतको कानुनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तले समेत सहप्रतिवादीले पोलेको

[१२] प्रमाण ऐन, २०३१ को दफा ५०(५क)

[१३] प्रमाण ऐन, २०३१ को दफा ५०(५ख) सहअभियुक्तको जिरह सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५ पनि विस्तृत कार्यविधिगत व्यवस्था छ।

बयान स्वतः प्रमाणको रुपमा स्वीकार्य हुन सक्दैन तर यसलाई प्रमाणको रूपमा प्रयोग गर्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न आवश्यक हुन्छ भन्दै भारतीय प्रमाण ऐन, १८७२ को दफा ३० मा *"एउटै अपराधको लागि एकभन्दा बढी व्यक्तिहरुलाई संयुक्त रुपमा मुद्दा दायर गर्दा तीमध्ये एक अभियुक्तले अर्को अभियुक्तलाई असर पुऱ्याउने गरी गरिएको बयान प्रमाणित हुन्छ भने अदालतले सो अभियुक्तको कसुर प्रमाणित गर्न उक्त बयानलाई प्रमाणमा लिन विचार गर्न सक्दछ।"*[१४] भनी व्यवस्था गरेको पाइन्छ। यसलाई पुष्टि गर्दै *के. के. वर्मा*[१५] को मुद्दामा भारतीय सर्वोच्च अदालतले सह-प्रतिवादीको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गरिएको हो भने अन्य सह-प्रतिवादी विरुद्ध प्रमाणको रुपमा प्रयोग गर्न सकिन्छ भनी व्याख्या गरेको पाइन्छ। त्यसैगरी सुरेश *बुढर्मल कालानी*[१६] को मुद्दामा समेत भारतीय प्रमाण ऐन, १८७२ को दफा ३० अनुसार सहअभियुक्तको बयानलाई अदालतले स्वीकार्न अन्य स्वतन्त्र र विश्वासनीय प्रमाणबाट पुष्टि गर्नुपर्छ भनी सिद्धान्त प्रतिपादन गरेको देखिन्छ। यसरी भारतीय प्रमाण ऐन र नेपाली प्रमाण ऐनमा नै सहअभियुक्तले अदालतमा गरेको बयानलाई अन्य वस्तुनिष्ठ आधार, कारण र प्रमाण पेश गरे अदालतले प्रमाणमा लिन सक्छ भनी समान धारणा राखेको देखिन्छ।

७. यसर्थ सहअभियुक्तको अदालतमा भएको पोल प्रमाणमा ग्रहण गर्दा निज आफु कसुरमा सावित रहेको र सो पोल अन्य प्रमाणहरुबाट समर्थित भएको कुरा सुनिश्चित गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरु राजु परियार र सुरेन्द्र नगरकोटीले शुरु अदालतमा इन्कारी बयान गरेतापनि मौकामा करणी गरेको तथ्यमा सावित रही बयान गरेको देखिन्छ भने पीडित अर्थात जाहेरवाला ०७४/०७५ स्वयम्भु (ढ) ले अदालतमा जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको र निजको Forensic Test Report ले सहअभियुक्तहरुको परस्परमा भएको पोल बयानलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ।

८. यसरी पीडितको जाहेरी दरखास्त, पीडित ०७४/०७५ स्वयम्भु (ढ) ले अदालत समक्ष चारैजना प्रतिवादीहरुले आफुलाई जबरजस्ती करणी गरेको भनी गरेको बकपत्र तथा प्रतिवादीहरुले

---

[१४] Indian Evidence Act, 1872 section 30 "When more persons than one are being tried jointly for the same offense, and a statement made by one of them affecting the others is proved, the court may take it into consideration, as to the guilt of the other person."
[१५] K.K. Verma vs Union of India, AIR 1954 SC 375
[१६] Suresh Budharmal Kalani vs State Of Maharashtra, AIR 1998 SC 3258

करणीको तथ्यमा सावित रही परस्परमा पोल गरी मौकामा गरेको बयान, प्रतिवादीमध्येका बन बहादुर सुनुवार र उर्गेन तामाङले करणी गरेको तथ्यमा सावित रही अन्य प्रतिवादी राजु परियार र सुरेन्द्र नगरकोटीलाई पोल गरी अदालत समक्ष गरेको बयान तथा पीडितको शारीरिक परिक्षण प्रतिवेदन, फोरेन्सिक जाँच प्रतिवेदनसमेतबाट पीडितलाई प्रतिवादीहरुले सामुहिक रुपमा करणी गरेको तथा कुनै पनि महिलाले चारजना पुरुषलाई उही समयमा पालै पालो करणीको सहमति दिएको भनी अनुमान गर्न मिल्ने नरहेको हुँदा सोतर्फ कुनै पनि प्रमाण पेश गर्न नसकेको समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले ०७४/०७५ स्वयम्भु (ढ) लाई सामुहिक रुपमा जबरजस्ती करणी गरेको पुष्टि भएकोले अभियोग दाबी बमोजिम प्रतिवादीहरुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) बमोजिमको कसुरमा जनही ५ वर्ष कैद र सामुहिक जबरजस्ती करणी गरेकाले ऐ. महलको ३क नं. बमोजिम जनही ५ वर्ष थप कैंद सजाय र प्रत्येक प्रतिवादीबाट पीडितले रु.२५,०००।- क्षतिपूर्तिसमेत पाउने भनी ठहऱ्याई शुरु काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने उच्च अदालत पाटनको मिति २०७६।४।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

९. प्रतिवादी राजु परियारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(शारङ्गा सुवेदी)
न्यायाधीश

इजलास अधिकृतः दिप्ती पौडेल
कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग
इति सम्वत २०८१ साल कार्तिक महिना ९ गते रोज ६ शुभम् ..............................।